आज मिति २०८१ साल मंसीर २५ गते विहान ८:०० बजे मंगलवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ४५ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू स्वास्थ्य उपचार गराईरहनु भएकाले उहाँको अनुपस्थितिमा गाउँपालिकाका उपाध्यक्ष एवम् कार्यवाहक अध्यक्ष श्री देवीराम वडुवाल ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | अनुपस्थित |
| २ | श्री देवीराम वडुवाल | का.वा.अध्यक्ष एवम् गापा उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | | आमन्त्रित कर्मचारीहरु | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आर्थिक प्रशासन शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |

Scanned with CamScanner

मिति २०८१/०८/२५ गतेको ४५ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

अधिकृत सातौं र आठौं तहका अधिकृत कर्मचारीहरुको नियुक्ति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.२

जनता आवास कार्यक्रम र विपन्न घर निर्माण कार्यक्रमका लागि लक्षित व्यक्ति छनौट सम्बन्धमा ।

प्रस्ताव नं.३

चालु आ ब २०८१।०८२ को स्वीकृत योजना तथा कार्यक्रम तदारुकताकासाथ कार्यान्वयन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४

सार्वजनिक संरचना निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

प्रस्ताव नं.५

गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको शीघ्र स्वास्थ्यलाभको कामना सहित स्वास्थ्योपचारका लागि आवश्यक सहयोग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६

पानीमुला पोखरी र पानीमुग्राहा पोखरी निर्माण पोखरी निर्माण वडा नं ५ स्थित योजना प्रमाणिकरण सम्बन्धमा ।

प्रस्ताव नं.७

प्रधानमन्त्री रोजगार कार्यक्रम -आईडिए तर्फको अनुदानबाट सञ्चालन हुने मिलनचोक देखि वडा कार्यालयसम्म सडक मर्मत तथा स्तरोन्नति योजना संशोधन सम्बनधमा ।

प्रस्ताव नं ८

कामकाजमा रहेका स्थानीय तहका कर्मचारीहरुको पदस्थापना सम्बन्धी निवेदनका सम्बन्धमा ।

प्रस्ताव नं ९

एकमुस्ट अनुदान सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकामा रिक्त रहेका अधिकृत सातौं र आठौं तहको देहायका पदमा कर्णाली प्रदेश लोकसेवा आयोगबाट विभिन्न मितिमा सिफारिस भई आएको र स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१ को दफा १५ को उपदफा १ अनुसार उल्लेखित तहका अधिकृतहरुको नियुक्ति तथा पदस्थापन कार्यपालिकाको बैठकबाट गर्ने प्रावधान रहेकोमा तत्काल कार्यपालिकाको बैठकबाट नियुक्तिका लागि निर्णय गर्न सम्भव नभई गाउँ कार्यपालिकाको कार्यालयबाट स्थायी नियुक्ति दिई पदस्थापन गरिएकोमा सो नियुक्ति तथा पदस्थापनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्रमसंख्या | सिफारिस भई आएका उम्मेद्वारको नाम थर | स्थायी ठेगाना | सिफारिस भएको सेवा, समुह, उपसमुह, पद तथा तह | सिफारिस मिति | नियुक्ति मिति |
|---|---|---|---|---|---|
| १ | डा. मनोज कुमार साह | खोक्सर प्रवाह वडा नं ५ ससरी | ज हे स समुह, मेडिकल अधिकृत आठौं तह | २०८१।०५।०५ | २०८१।०५।०७ |
| २ | खगेन्द्र कँडेल | चामुण्डाविन्द्रासैनी नपा २ दैलेख | कृषि, लापोडेडे,पशु विकास अधिकृत सातौं तह | २०८१।०७।२३ | २०८१।०७।२५ |
| ३ | अभिषेक विष्ट | पञ्चदेवल नपा ४ अछाम | कृषि, एकीकृत,कृषि अधिकृत सातौं तह | २०८१।०७।२३ | २०८१।०७।२५ |
| ४ | पवन कुमार कार्की | दुल्लू नपा ४ दैलेख | ईन्जिनियरिङ, सिभिल,ईन्जिनियर सातौं तह | २०८१।०८।०७ | २०८१।०८।०७ |

Scanned with CamScanner

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा पूर्वाधार विकास कार्यालय दैलेखको पत्रानुसार जनता आवास कार्यक्रम अन्तर्गत आवास इकाई ५ र विपन्न घर निर्माण कार्यक्रम अन्तर्गत आवास इकाई ४ का लागि देहाय अनुसार लक्षित व्यक्ति छनौट गरी सम्झौताका लागि पठाउने निर्णय गरियो

तपसिल

| क सं | लक्षित घरमुलीको नाम | ठेगाना | जग्गाधनी प्रमाणपुर्जा भए नभएको |
|---|---|---|---|
| क.जनता आवास कार्यक्रम | | | |
| १ | वम बहादुर शाही | ठाटीकाँध गापा वडा नं ५ दैलेख | |
| २ | रुप्शी कामी | ठाटीकाँध गापा वडा नं २ दैलेख | |
| ३ | धीर बहादुर वि क | ठाटीकाँध गापा वडा नं २ दैलेख | |
| ४ | भवीसरा दमाई | ठाटीकाँध गापा वडा नं ३ दैलेख | |
| ५ | लाल बहादुर लामीछाने | ठाटीकाँध गापा वडा नं ४ दैलेख | |
| ख.विपन्न नागरिक आवास कार्यक्रम | | | |
| ६ | रुपा कामी | ठाटीकाँध गापा वडा नं ५ दैलेख | |
| ७ | लालशोभा तीरुवा | ठाटीकाँध गापा वडा नं ६ दैलेख | |
| ८ | इन्द्र दमाइ | ठाटीकाँध गापा वडा नं ६ दैलेख | |
| ९ | गणेश वि क | ठाटीकाँध गापा वडा नं १ दैलेख | |

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ को स्वीकृत योजना तथा कार्यक्रम स्वीकृत वार्षिक कार्ययोजना अनुसार पुष १५ गते भित्र उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं.४ माथि छलफल गर्दा देहायका सार्वजनिक संस्थाहरुको भवन निर्माणका लागि चालु आ ब मा रकम विनियोजन भएकोले उक्त प्रयोजनका लागि निशुल्क रुपमा जग्गादान गर्न जग्गादाताहरु ईच्छुक भएकाले दाताहरुले निशुल्क दान गर्न चाहेको जग्गा प्राप्तिका लागि प्रकृया अगाडि बढाउने र उक्त जग्गा यस पालिका स्थित निम्न सरकारी संस्थाका नाममा पारित गरिदिन मालपोत कार्यालय दुल्लू र सम्बन्धित अन्य सरकारी निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

तपसिल

क. श्री सरस्वती आधारभूत विघालय ठाटीकाँध गाउँपालिका वडा नं ३ बजाया

| क सं | जग्गादाताको नाम | जग्गाको ठेगाना | कित्ता नं | क्षेत्रफल | दान गर्न चाहेको जग्गाको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | मन बहादुर क्षेत्री सावित | साविक विशाला | ३३५ | १२२० | १२२० भि चा |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | विशाला गा वि स वडा नं १ हाल ठाटीकाँध गा पा वडा नं ३ दैलेख | गा वि स वडा नं १ दैलेख | | भि चा | |

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यूको शीघ्र स्वास्थ्यलाभको कामना सहित स्वास्थ्योपचारका लागि भएको खर्च रकम जनप्रतिनिधि कर्मचारी आकस्मिक स्वास्थ्य सहयोग कार्यक्रम निर्देशिकामा भएको व्यवस्था अनुसार वील भर्पाई प्राप्त भएपछि विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी आबश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं.६ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं ५ स्थित पानीमुला पोखरी निर्माणका लागि रु ७४५०००।०० र वडा नं ५ वाट पानीमुग्राहा पोखरी निर्माण पोखरी निर्माणका लागि रु ४३५०००।०० विनियोजन भएकोमा नाम फरक फरक उल्लेख हुन गएतापनि दुबै योजना एउटै भएको र लाभान्ववित समुदाय समेत एउटै रहेकाले पानीमुला पोखरी नामबाट सम्झौता गरी एकीकृत रुपमा रु ११८००००।०० अनुदान कायम गरी योजना कार्यान्वयन गर्ने गरी प्रमाणिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं.७ माथि छलफल गर्दा चालु आ आ २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम -आईडिए तर्फको अनुदान रु ८९२०००।०० बाट सञ्चालन हुने गरी मिलनचोक देखि वडा कार्यालयसम्म सडक मर्मत तथा स्तरोन्नति योजना छनौट भएकोमा सो योजनामा संघीय सरकारको योजनामा समेत समावेश भएको बुझिएकाले दोहोरोपना हुन नदिन संशोधन आबश्यक भएकाले उक्त योजना संशोधन गरी सोही वडाको प्राथमिकतामा रहेको भैरवस्थान वर्थिंग सेन्टर वडा नं १ योजनामा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजन भएको रु १५ लाख सोहि योजनामा वडा नं १ बाट विनियोजन भएको रु ३ लाख गरि जम्मा रु २६ लाख ९२ हजार को एकमुस्ट लागत अनुमान तयार गरी वर्थिंग सेन्टर भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं.८ माथि छलफल गर्दा संघीयताको कार्यान्वयन पश्चात् शुरु नियुक्ति तथा पदस्थापना भई एक स्थानीय तहबाट अर्को स्थानीय तहमा कामकाजमा रहेका देहाय अनुसारका स्थानीय तहका कर्मचारीहरुले मिति २०८१।०६।२९ मा कर्णाली प्रदेश सरकार बाट प्रमाणिकरण भई जारी भएको स्थानीय सेवाको गठन,सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१ को दफा १३६ को पदस्थापना

Scanned with CamScanner CamScanner

सम्बन्धी विशेष व्यवस्था अनुसार सोही दफाको उपदफा २ बमोजिम हाल कामकाज गरिरहेकै स्थानीय तहमा पदस्थापनाका लागि अनुरोध गरी विभिन्न मितिमा यस गाउँपालिकामा निवेदन पेश गरेकाले माग बमोजिम नै पदस्थापन गरिदिएमा फरक नपर्ने हुँदा सहमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क सं | कर्मचारीको नामथर र संकेत नं | पद | पदाधिकार रहेको स्थानीय तह | हाल कामकाजमा रहेको स्थानीय तह |
|---|---|---|---|---|
| १ | दिपक कुमार खनाल क सं नं २४००८२ | प्राविधिक सहायक शिक्षा-सहायक पाँचौ | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | भैरवी गाउँपालिका दैलेख |
| २ | नेम बहादुर खत्री क सं नं २३९७०९ | प्रशासन सेवा अधिकृत स्तर छैटौं | दार्मा गाउँपालिका सल्यान | ठाटीकाँध गाउँपालिका दैलेख |
| ३ | वीरेन्द्र बहादुर रावत क सं नं २४१४६७ | प्राविधिक सहायक शिक्षा-सहायक पाँचौ | शुभकालिका गाउँपालिका कालिकोट | ठाटीकाँध गाउँपालिका दैलेख |
| ४ | ज्ञान बहादुर विष्ट २४३४२१ | खा पा स टे प्राविधिक सहायक चौथो | लो– घेकर दामोदरकुण्ड गाउँपालिका मुस्ताङ | ठाटीकाँध गाउँपालिका दैलेख |
| ५ | हेमराज नेपाल २३९६०६ | सव इन्जिनियर | ठाटीकाँध गाउँपालिका लकान्द्र दैलेख | खजुरा गाउँपालिका बाँकि |

निर्णय नं. ९

प्रस्ताव नं.९ माथि छलफल गर्दा नेपाल सरकार शसर्त अनुदान कार्यक्रम अन्तर्गत शुन्य दरवन्दी रहेको विध्यालय श्री सरस्वती आधारभूत विध्यालय बजायले विगत वर्ष देखिनै एकमुस्ट अनुदान प्राप्त गरेकोले ~~निज~~ उक्त विध्यालयलाई नै अर्को व्यवस्था नभएसम्मलाई निरन्तरता दिने निर्णय गरियो।

Scanned with CamScanner